बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. ७ ।२०७८।८०
बी.स. २५५।२०७८/७९ च.नं. ५२३०

मितिः २०७९/०२/२३

श्री इजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,

विषयः-परिपत्र ।

आयकर ऐन, २०५८ दफा ४७क मा पुँजीगत लाभ कर, लाभांश कर र कर्मचारीहरुको अवकाश भुक्तानीमा कर छुट तथा सुविधा सम्बन्धी निम्नलिखित व्यवस्था रहेको यहाँहरुलाई जानकारी नै छ ।

१. बीमक गाभिए पश्चात् कायम हुने नयाँ बीमकमा कायम रहेका शेयरधनीहरुले आफ्नो शेयर गाभिएको मितिले दुई वर्षभित्र बिक्री गरेमा बिक्री भएको शेयरमा पुँजीगत लाभ कर नलाग्ने ।
२. बीमकहरुमा गाभिएको मितिले दुई वर्षभित्र गाभिएको अवस्थामा कायम रहेको शेयरधनीलाई वितरण गरेको लाभांशमा कर नलाग्ने ।
३. गाभिने प्रकृयामा रहेका बीमकहरुले कर्मचारीहरुलाई सामुहिक रुपमा सेवाबाट अवकाश दिने प्रयोजनको लागि गरिने थप एकमुष्ट भुक्तानीमा एकमुष्ट अवकाश भुक्तानी कर कट्टी गर्नुपर्ने दरमा पचास प्रतिशत छुट दिने ।

उपरोक्त सुविधा प्राप्त गर्नको लागि सोही दफाको उपदफा ६ बमोजिम गाभ्ने गाभिने र प्राप्ति गर्न ईच्छुक बीमकहरुले सम्वत् २०७९ साल असार मसान्तभित्र गाभ्ने गाभिने आशयपत्र आन्तरिक राजस्व विभागमा दिनुपर्ने व्यवस्था रहेको साथै सोही ऐनको उपदफा ७ अनुसार गाभ्न तथा गाभिनको लागि आशयपत्र दिने बीमकहरुले गाभिने प्रकृया सम्वत् २०८० साल असार मसान्त भित्र पुरा गर्नु पर्ने व्यवस्था रहेको छ ।

यसर्थ समितिबाट जारी बीमक दर्ता तथा बीमा व्यवसाय संचालन सम्बन्धी निर्देशिका २०७३ को दफा ४ बमोजिम न्यूनतम चुक्ता पूँजी पुरा गर्न उपरोक्त गाभ्ने, गाभिने र प्राप्ती गर्ने प्रकृयामा संलग्न हुन इच्छुक बीमकहरुले आयकर ऐन २०५८ को दफा ४७क अनुसारको छुट तथा सुविधा समेत प्राप्त गर्नको लागि सम्बत २०७९ साल आषाढ मसान्तभित्र सम्बन्धित निकायमा आवेदन दिन निर्देशानुसार जानकारी गराईन्छ ।

बोधार्थः
श्रीमान् अध्यक्षज्यूको सचिवालय,
बीमा समिति ।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९